# राष्ट्रिय हरवाचरवा अधिकार मञ्च
## केन्द्रीय कार्यालय, सिराह (लाहान) नेपाल

**प्रेश बिज्ञप्ती**
**सन्दर्भः अन्तराष्ट्रिय श्रमिक दिवश (१ मे, २०२२)**

नेपालको संविधानको धारा २९ शोषणविरुद्धको हक अन्तरगत उपधारा (३) मा कसैलाई पनि बेचविखन गर्न, दास वा बाँधा बनाउन पाईन् छैन र उपधारा (४) मा कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाईने छैन भने धारा ४० को उपधारा (५) र (६) मा दलितहरुलाई एक पटक जमिन र आवास उपलब्ध गराउने मौलिक हकको व्यवस्था गरेको छ । नेपालको संविधान र कानूनबाट प्राप्त हकअधिकारको समान उपभोगको अवसर सबै नेपाली जनताको समान अधिकार भएपनि विगत लामो समयदेखि समाजमा ब्याप्त हलिया, कमैया तथा कमलरी प्रथाको सरकारकातर्फबाट मुक्तिको घोषणा गरी पुनःस्थापनाका कामहरु समेत अन्तिम चरणमा पुगेको छ । तर उस्तै प्रकृतिको नेपालको पुर्वी तर्राइ-मधेशमा विद्यमान हरवाचरवा प्रथा कायम नै रहेको छ । नेपाली समाजमा विद्यमान सामन्तवादको अवशेषमध्ये मुक्त हुन बाँकी यही प्रथा मात्र रहेको छ ।

बाध्यात्मकरूपमा अरुको घरमा ऋण, जमिन वा पछि अन्नपात पाउने शर्तमा काम गरिरहेका कृषि मजदूरहरुमध्ये खेत जोत्नेलाई हरवा भनिन्छ भने गाईवस्तु चराउनेलाई चरवा भनिन्छ । यस्ता हरवा/चरवाले एकातर्फ उचित ज्याला पाउँदैनन् भने अर्कोतर्फ धेरैले बाबु/बाजेले कुनै जमानामा कुनै व्यक्तिसँग लिएको ऋणको ब्याजबापत काम गरिदिनुपर्ने बाध्यता छ । विडम्बना त यो छ कि जसको घरमा पुस्तौँदेखि उनीहरू ऋण चुक्ताका लागि श्रम गरिरहेका हुन्छन्, तिनैलाई ऋण कति थियो र कति समय श्रम गरेपछि त्यो कट्टा हुन्छ भन्नेसमेत जानकारी हुँदैन । यस अर्थमा हरवाचरवा पुस्तौँदेखि न्यायिक ज्यालाबिनै श्रम गर्न बाध्य छन् । सन् २०१३ मा आइएलओले गरेको अध्ययन अनुसार हरवाचरवाको संख्या एक लाख भन्दा बढी भएको अनुमान गरिएको छ । हाल द फ्रिडम फण्ड तथा सिएसआरसिले गरेको अध्ययनले हरवाचरवा अनियमित ऋणका कारण अझैपनि बँधुवाको रुपमा रहेको तथ्य हाम्रो सामु छ ।

यसै सन्दर्भमा अन्तराष्ट्रिय श्रमिक दिवश १ मे, २०२२ को अवसरमा नेपालमा कृषी बधुवा मजदुरको क्षेत्रमा सरोकार राख्ने निति निर्माता, राजनितिक दलहरु, सरकारी निकाय, नागरिक समाज, पत्रकार, मानवअधिकारकर्मी र राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका स्थानिय, जिल्ला र केन्दीय स्तरका सम्पुर्ण प्रतिनिधीहरु लगायत मधेसप्रदेशका ८ वटा जिल्लामा रहेका आम १ लाख भन्दा बढी हरवाचरवा समुदयलाई शुभकामना ब्यक्त गर्न चाहन्छौ ।

अन्तमा हालै नेपाल सरकार संघीय भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयद्धारा **गठित मुक्त कमैया, कम्लहरी, हललया र हरवाचरवाको बस्तुस्थिती अध्ययन समितिको अध्ययन प्रतिवेदन, २०७८** का सिफारिशहरुलाई तत्काल कार्यान्वयनका लागि नेपाल सरकारसंग जोडदार माग गर्दछौ ।

श्री दशन मण्डल
केन्द्रीय अध्यक्ष,
राष्ट्रिय हरवाचरवा अधिकार मञ्च
**मिति : २०७८ कार्तिक १७ गते**